# नेपाल टेलिकम

(नेपाल दूरसंचार कम्पनी लिमिटेड)

## केन्द्रीय कार्यालय

## पदपूर्ति समितिको

## सूचना नं.७०६६।६७

प्रथम पटक प्रकाशित मिति: २०६६।५।२

खुला बिज्ञापनको सूचना:

यस कम्पनीको केन्द्रीय कार्यालय तथा अन्तरगत कार्यालयहरुमा रिक्त रहेको निम्न लिखित पदहरुमा खुला तथा समाबेशीद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता भएका इच्छुक नेपाली नागरिकहरुले यस कम्पनीवाट रु.१५। लिई बितरण गरिने दरखास्त फाराममा आबश्यक बिबरण भरी पासपोर्ट साइजको फोटो ३ प्रति फारामको निर्दिष्ट स्थानमा टांसी आबश्यक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी १।१ प्रति दरखास्त फाराम साथ संलग्न गरी यो सूचना गो.प.मा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र र डबल दस्तुर तिरी म्याद नाघेको ७ दिन भित्र अधिकृत स्तरको हकमा यस केन्द्रीय कार्यालय वा यस कम्पनीको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु बिराटनगर, बीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा सहायक स्तरको हकमा काठमाडौं क्षेत्रको लागि के.का. र अन्य क्षेत्रको लागि तोकिएको क्षेत्रमानै दरखास्त दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगि वा म्याद नाघि प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै बहालवाला कर्मचारी भएमा अनिवार्य रुपमा बिभागिय स्विकृत पेश गर्नु पर्नेछ ।

| बि.नं. | पद | तह | सेवा | आबश्यक पद संख्या | खुला तर्फ | समाबेशी समूह तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आदिवासी/जनजाती | मधेसी | दलित |
| | **अधिकृत स्तर** | | | | | | | | |
| २९।०६६।६७ | टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन) | ७ | प्रा | १६ | ९ | २ | २ | २ | १ |
| ३०।०६६।६७ | टेलिकम इन्जिनियर (इलेक्ट्रिकल) | ७ | प्रा | १२ | ७ | २ | १ | १ | १ |
| ३१।०६६।६७ | टेलिकम इन्जिनियर (कम्प्यूटर) | ७ | प्रा | १४ | ८ | २ | २ | १ | १ |
| ३२।०६६।६७ | मेकानिकल इन्जिनियर | ७ | प्रा | ३ | २ | १ | - | - | - |
| ३३।०६६।६७ | सिभिल इन्जिनियर | ७ | प्रा | ५ | ३ | १ | १ | - | - |
| ३४।०६६।६७ | आर्किटेक्ट इन्जिनियर | ७ | प्रा | १ | १ | - | - | - | - |
| ३५।०६६।६७ | चार्टर्ड एकाउण्टेन्ट | ८ | प्र/ले. | ६ | ३ | १ | १ | १ | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सहायक स्तर**<br>जुनियर टेक्निसियन (आउटसाइड) | | | | | | | | |
| ३६।०६६।६७ | काठमाडौं क्षेत्र | ३ | प्रा | ३ | २ | १ | - | - | - |
| ३७।०६६।६७ | बिराटनगर क्षेत्र | ३ | प्रा | ३ | २ | १ | - | - | - |
| ३८।०६६।६७ | बीरगंज क्षेत्र | ३ | प्रा | २ | १ | १ | - | - | - |
| ३९।०६६।६७ | भैरहवा क्षेत्र | ३ | प्रा | ३ | २ | १ | - | - | - |
| ४०।०६६।६७ | नेपालगंज क्षेत्र | ३ | प्रा | ३ | २ | १ | - | - | - |
| ४१।०६६।६७ | धनगढी क्षेत्र | ३ | प्रा | २ | १ | १ | - | - | - |
| | **सहायक स्तर**<br>लाइनमेन | | | | | | | | |
| ४२।०६६।६७ | काठमाडौं क्षेत्र | २ | प्रा | १० | ६ | १ | १ | १ | १ |
| ४३।०६६।६७ | बिराटनगर क्षेत्र | २ | प्रा | ७ | ४ | १ | १ | १ | - |
| ४४।०६६।६७ | बीरगंज क्षेत्र | २ | प्रा | ९ | ५ | १ | १ | १ | १ |
| ४५।०६६।६७ | भैरहवा क्षेत्र | २ | प्रा | ४ | २ | १ | १ | - | - |
| ४६।०६६।६७ | नेपालगंज क्षेत्र | २ | प्रा | २ | १ | १ | - | - | - |
| ४७।०६६।६७ | धनगढी क्षेत्र | २ | प्रा | २ | १ | १ | - | - | - |

१. **दरखास्तको आधार:** समाबेशी समूहका लागि छुट्टयायएको पदमा दरखास्त दिने उम्मेदवारहरुले देहायको आधारमा दरखास्त दिनुपर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थप भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेसी भनी प्रमाणित गरेको आधारमा,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थायीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा: राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायकोप्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थप भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

२. **आबश्यक न्यूनतम शैक्षिक योग्यता:**

(क) **टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन)**: मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रोनिक्स वा टेलिकम्यूनिकेशन्स वा इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन्स वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा रेडियो कम्यूनिकेशन वा इलेक्ट्रीकल एण्ड कम्यूनिकेशन्स वा सो सरहको बिषयहरुमा न्यूनतम इन्जिनियरिङ्ग (B.Sc Engg, B.E., B.Tech) स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(ख) **<u>टेलिकम इन्जिनियर (इलेक्ट्रिकल)</u>:** मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रीकल वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्यूनिकेशन्स वा सो सरहको बिषयहरुमा न्यूनतम इन्जिनियरिङ्ग (B.Sc Engg, B.E., B.Tech) स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(ग) **<u>टेलिकम इन्जिनियर (कम्प्यूटर)</u>:** मान्यता शिक्षण संस्थावाट Computer वा Information Technology वा Information Communication Technology वा Computer Software वा Computer Hardware वा सो सरहको बिषयहरुमा न्यूनतम इन्जिनियरिङ्ग (Bsc. Engg, B.E., B. Tech) स्नातक उपाधि प्राप्त गरि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(घ) **<u>मेकानिकल इन्जिनियर</u>:** मान्यता प्राप्त शिक्षण संस्थावाट मेकानिकल वा रेफ्रिजरेशन एण्ड एयरकण्डिसन वा सो सरहको बिषयमा न्यूनतम इन्जिनियरिङ्ग (B.Sc Engg, B.E., B.Tech) स्नातकको उपाधि प्राप्त गरि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(ङ) **<u>सिभिल इन्जिनियर</u>:** स्विकृत शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग बिषयमा स्नातक उपाधि प्राप्त गरि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(च) **<u>आर्किटेक्ट इन्जिनियर</u>:** स्विकृत शिक्षण सस्थावाट आर्किटेक्चरल बिषयमा B.Arch. वा सो सरहको बिषयमा स्नातक उपाधि प्राप्त गरि नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनु पर्ने ।

(छ) **<u>चार्टर्ड एकाउण्टेण्ट</u>:** मान्यता प्राप्त संस्थावाट CA वा ACCA वा CPA वा सो सरहको परीक्षा उर्त्तिण गरी नेपाल चार्टर्ड एकाउण्टेन्टस् ऐन २०५३ बमोजिम नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थामा दर्ता भएको हुनु पर्ने ।

(ज) **<u>जुनियर टेक्निसियन (आउटसाइड)</u>** : दशौं कक्षा उतिर्ण र स्विकृत तालिम केन्द्रवाट जुनियर आउटसाइड वा जुनियर टेष्टवोर्ड वा जुनियर केबुल टेक्निसियन बिषयमा तालिम प्राप्त गरेको ।

(झ) **<u>लाइनमेन पदको लागि:</u>** आठौं कक्षा उत्तिर्ण र स्विकृत तालिम केन्द्रवाट टेलिफोन लाइन वा सेटको मर्मत वा जडान बिषयमा लाइनमेन तालिम प्राप्त गरेको अथवा कुल्ली पदमा रहि टेलिफोन लाइन वा सेटको मर्मत वा जडान सम्बन्धी कामको ५ बर्षको अनुभब प्राप्त र स्विकृत तालिम केन्द्रवाट टेलिफोन लाइन वा सेट मर्मत वा जडान बिषयमा लाइनमेन तालिम प्राप्त गरेको ।

३. **<u>उम्मेदवारको उमेर:</u>** दरखास्त दिने अन्तिम मितिमा निम्न अनुसारको उमेर हुनु पर्नेछ ।

(क) अधिकृत स्तरको लागि २१ बर्ष पुरा भएको र ३५ बर्ष ननाघेको (महिलाको लागि ४० बर्ष ननाघेको)

(ख) सहायक स्तरको लागि १८ बर्ष पुरा भएको र ३५ बर्ष ननाघेको (महिलाको लागि ४० बर्ष ननाघेको)

४. **<u>उमेरको हद:</u>** यस कम्पनीको बहालवाला कर्मचारीको हकमा कर्मचारी विनियमबली २०६१ अनुसार हुनेछ ।

५. **<u>दरखास्त दस्तुर:</u>**

अधिकत स्तर तह ८ रु.५००।
अधिकृत स्तर तह ७ रु.४००।
सहायक स्तर तह ३ रु.१००।
सहायक स्तर तह २ रु. ६०।

**<u>नोट:</u>** थप समाबेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुले अधिकृत स्तरको रु.१००। का दरले र सहायक स्तरको रु.५०। का दरले दस्तुर लाग्ने छ ।

माथि उल्लेखित दस्तुर सम्बन्धित कार्यालयमा नै नगद बुझाई सक्कल रसिद दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

६. उपयूक्त पदमा दरखास्त दिने उम्मेदवारहरुले नेपाल वाहेक अन्य मुलुकवाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रि.बि.बि.वाट मान्यता प्राप्त भएको र समकक्ष निर्धारण गरेको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. परीक्षाको किसिम: (क) अधिकृत स्तरको लागि लिखित तथा अन्तरवार्ता
(ख) सहायक स्तरको लागि प्रयोगात्मक परीक्षा र अन्तरवार्ता

८. <u>लिखित परीक्षा कार्यक्रम:</u>

| | | | |
|---|---|---|---|
| (क) | बि.नं. २९ देखि ३२।०६६।६७ सम्मको पदहरुको | प्रथम पत्र | मिति २०६६।८।१९ गते दिनको २ बजे देखि |
| | | द्वितिय पत्र | मिति २०६६।८।२० गते दिनको २ बजे देखि |
| (ख) | बि.नं. ३३ देखि ३५।०६६।६७ सम्मको पदहरुको | प्रथम पत्र | मिति २०६६।८।२६ गते दिनको २ बजे देखि |
| | | द्वितिय पत्र | मिति २०६६।८।२७ गते दिनको २ बजे देखि |

(ग) बि.नं. ३६ देखि ४७।०६६।६७ सम्मको पदहरुको परीक्षा कार्यक्रम पछि प्रकाशित गरिनेछ ।